# त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## जुगार, रोल्पा

त्रिवेणी गाउँपालिका
कार्यपालिकाको कार्यालय
जुगार,रोल्पा
लुम्बिनी प्रदेश,नेपाल

लुम्बिनी प्रदेश, नेपाल ।

## करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रथम पटक प्रकाशित मिति: २०८२/०७/१६

यस गाउँपालिकालाई सङ्घीय सशर्त अनुदान अन्तर्गत प्राप्त कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि तपसिल अनुसारका पदमा प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएको हुँदा तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र दस्तुर बुझाएको रसिद सहित दरखास्त पेश गर्नुहुन जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | कामकाज गर्नुपर्ने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१-२०८२/०८३ | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं | १ | गाउँ कार्यपालिकाको कार्यालय | म स्वस्थ, मेरो समदुाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः- मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह (BPH) उत्तीर्ण गरेको ।

२. दरखास्त दिने अन्तिम मितिः- २०८२/०७/३० (कार्यालय समयभित्र) ।

३. दरखास्त दस्तुरः- रु. १,२००/- लाग्नेछ ।

४. उम्मेदवारको उमेरको हदः- दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

५. दरखास्त दिने स्थानः- त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जुगार ।

६. आवेदनसाथ आवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्ने कागजातका प्रतिलिपिहरुः-
- नेपाली नागरिकताको प्रमाण-पत्र,
- शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारीत्रिक प्रमाण-पत्र,
- काउन्सिल दर्ताको प्रमाण पत्र,
- वैदेशिक शिक्षण संस्थाबाट योग्यता हाँसिल गरेको भए समकक्षताको प्रमाण पत्र,
- तोकिएको तहको पदको कामसँग सम्बन्धित अनुभव तथा तालिम लिएको भए सो को अनुभव पत्र/प्रमाण पत्र,
- हाल सालै खिचेको ३ प्रति पासपोर्ट साइजको रङ्गिन फोटो ।

७. परीक्षाको किसिम, पाठ्यक्रमः- छनौट प्रकृयाको लागि छोटो सूची मूल्याङ्कन, लिखित तथा मौखिक परीक्षा समावेश गरिनेछ । लिखित परीक्षाको पाठ्यक्रम सो सरहको पदको लागि सङ्घीय लोक सेवा आयोगद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

८. सेवा सुविधा तथा कार्य शर्तः- सेवा सुविधा तथा कार्य शर्त नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको 'म स्वस्थ, मेरो समदुाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम' कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८२ तथा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

९. आवेदन फारामः- आवेदन फाराम गाउँपालिकाको वेवसाइट www.trivenimunrolpa.gov.np को विद्युतीय सुशासन सेवा मेनुभित्र नमूना फारमहरुबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । म्याद नाघी आएका निवेदन वा तोकिएका कागजातहरु संलग्न नभएका आवेदन उपर कुनै कारबाही हुने छैन ।

नोटः छनौट परीक्षाको मिति, समय र स्थान अर्को सूचना मार्फत तोकिनेछ । साथै थप जानकारीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

२०८२/०७/१६

(संयोजक)
पदपूर्ति समिति



CamScanner